

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र नेपालको कानुन सम्बन्धी

## जानकारी पत्र

www.mitininepal.org.np

# यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरूको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र नेपालको कानुन सम्बन्धी

## जानकारीपत्र


प्रकाशक

Mitini NEPAL

सहयोग

GLOBAL FUND FOR WOMEN
Champions for Equality.

# प्राक्कथन



विश्वमा नयाँ नयाँ प्रजातिका भाइरसहरु देखापर्ने क्रम जारी छ र मानव स्वास्थ्यको लागि चुनौतीहरु उत्पन्न गर्दै आएको छ । यी मध्ये कोभिड-१९ को महामारीले निम्त्याएको निषेधाज्ञाले संसारभर जनजीवन कष्टकर बनाएको छ । यसले आममानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा गम्भीर असर पारेको छ भने विशेष गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरु सबैभन्दा बढी प्रभावित छन् । कोभिड-१९ बाट उत्पन्न संकटले एल जी वि टि आई समुदायका व्यक्तिहरुले विभिन्न शारीरिक, मानसिक तथा मनोवैज्ञानिक तनावहरु झेलिरहेका छन् । विभिन्न अनौपचारिक तथा जोखिमपूर्ण कार्यमा संलग्न यो समुदायले आफ्नो यौनिकता र लैङ्गिक पहिचानको कारण घरपरिवार र समाजबाट विभेद, हिंसा र घृणाको सामना गर्नुपरिरहेको छ भने महामारीको समयमा रोजगारी गुमाउनु परेकाले स्वास्थ्य सेवा तथा सुविधाबाट समेत वञ्चित छन् । कोभिड-१९ परीक्षण, एच.आई.भी. उपचार र परीक्षण, हर्मोन थेरापी र विशेष गरी यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे समुदायका व्यक्तिहरुमा जानकारीको अभाव छ भने अर्कोतर्फ राज्यस्तरबाट समेत यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका लागि स्वास्थ्यमा समान पहुँच र अधिकारलाई सुनिश्चित गर्न सकिएको छैन । यसका साथै स्वास्थ्य सेवा प्रदायकहरु स्वंयमा सुचनाको कमीले गर्दा कतिपय समुदायका सदस्यहरु स्वास्थ्य सेवा तथा सुविधा लिनबाट वञ्चित छन् ।

विशेष गरी एल वि टि आई समुदायको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे कमै मात्रामा छलफल हुने गरेको पाइएको छ । साथै विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरुले समुदायको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे कुरा गरिरहँदा समेत नेपालमा कार्यान्वयन पक्ष फितलो भएको र यी सुविधाहरुमा पहुँचको अभावले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु स्वास्थ्य सुविधाबाट वञ्चित हुनु परेको अवस्था छ । नेपालको संविधान, २०७२ को धारा १२ ले लैङ्गिक पहिचान सहितको नागरिकता प्राप्त गर्ने अधिकार, धारा १८ ले समानताको हक र धारा ४२ ले सामाजिक न्यायको हकलाई सुनिश्चित गरेको छ । यसै गरी प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सम्बन्धी हकको साथै प्रजनन स्वास्थ्यको हकलाई प्रत्याभूत गरेको छ । यद्यपि, प्रजनन स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको भएता पनि, महिलाभित्रको विविधता विशेषगरी समलिङ्गी महिला, द्वयलिङ्गी महिला तथा ट्रान्सजेन्डर व्यक्तिको अधिकारका विषयमा नीतिगत रुपमा संविधानले मौलिक हकमा व्यवस्था गरेको पाइँदैन । तसर्थ, यो जानकारी पत्रले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायलाई उनीहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकारबारे सुचना दिने उद्देश्य राखेको छ । यी अधिकारहरुलाई संविधानमा मौलिक हकको रुपमा सुनिश्चित गरियो भने यी अधिकारहरु उपभोग गर्न सक्ने अवस्था वा वातावरण बनाउने विषयमा राज्यलाई जिम्मेवार वा उत्तरदायी बनाउन सकिन्छ ।

मितिनी नेपाल यो जानकारी पत्र प्रकाशनमा सहयोग पुर्‍याउनु हुने आफ्नो सम्पुर्ण समुदायका साथीहरु, कार्यकारी बोर्डका सदस्यहरु, कर्मचारी, स्वयंसेवक र साझेदार संस्थाहरुलाई मनैदेखि धन्यवाद दिन चाहन्छ ।

धन्यवाद !

**लक्ष्मी घलान**
अध्यक्ष
मितिनी नेपाल

# क यौन तथा प्रजनन स्वास्थ्य अधिकार



१. यौन स्वास्थ्य भनेका के हो ?

२. प्रजनन स्वास्थ्य भनेको के हो ?


३. यौन स्वास्थ्य अधिकार अन्तर्गत के के पर्दछन् ?

४. प्रजनन स्वास्थ्य अधिकार भन्नाले के बुझिन्छ ?

## १. यौन स्वास्थ्य भनेका के हो ?

यौन स्वास्थ्य के हो भन्ने सम्बन्धमा सबैको समान बुझाइ देखिँदैन । यौन स्वास्थ्यका सम्बन्धमा विभिन्न समुदाय, संस्कृति र व्यक्तिहरूबीच फरक-फरक मापदण्ड र बुझाइ रहेको देखिन्छ । त्यसकारण यौन स्वास्थ्य सम्बन्धमा सबैलाई स्वीकार हुने परिभाषा गर्न कठिन छ । तर पनि विभिन्न निकायहरूले यौन स्वास्थ्य भनेको के हो भन्ने सम्बन्धमा आ-आफ्ना बुझाइ र मापदण्डहरूलाई सार्वजनिक गरेका छन् ।

अमेरिकन सेक्सुयल हेल्थ एशोसिएसनले यौन स्वास्थ्यले योजना बिना गर्भ रहन नदिने तथा रोगहरू हुन नदिने विषयहरू मात्र नभई यीदेखि बाहेकका अन्य धेरै विषयहरूलाई पनि समेटेको छ भनि उल्लेख गरेका छन् । संक्रामक यौन रोग वा इच्छा बिनाको गर्भबाट मुक्त हुँदैमा कुनै व्यक्तिको यौन स्वास्थ्य ठिक छ वा ठिक हुँदैछ भन्ने हुँदैन । उक्त संस्थाका अनुसार समग्रमा यौन स्वास्थ्य भन्नाले मानिसको जीवनचक्र (जन्मदेखि मृत्युसम्म) को हरेक चरणमा[१] अर्थात् जीवनभरि यौनिकतालाई आत्मसात गर्ने तथा त्यसको आनन्द लिन सक्ने क्षमतालाई बुझाउँदछ । यस परिभाषाले यौन स्वास्थ्यलाई हाम्रो शारीरिक र भावनात्मक स्वास्थ्यको एक अत्यन्त महत्वपूर्ण हिस्साको रुपमा परिभाषित गर्न खोजेको देखिन्छ । कुनै व्यक्ति यौनिक रूपमा स्वस्थ हुँदा निम्न अवस्थालाई जनाउँदछ[२]:



» यौनिकता जीवनको प्राकृतिक अभिन्न हिस्सा हो । यो कुनै व्यक्तिको यौन व्यवहारसम्म मात्र सीमित छैन । व्यक्तिले उसको यौनिक अधिकारको पहिचान तथा सम्मान प्राप्त गरेको छ ।

» यौन स्वास्थ्य सम्बन्धी सूचना, शिक्षा र हेरचाहमा व्यक्तिको पहुँच छ ।

» महिलाले इच्छा नभई हुने गर्भ तथा संक्रामक यौन रोग रोक्नका लागि प्रयासहरू गर्न सक्छिन् तथा आवश्यकता परेको बेलामा उपचार तथा हेरचाहको लागि खोजी गर्न सक्ने उक्त सेवाहरूमा पहुँच भएको ।

» आवश्यक भएको अवस्थामा यौन आनन्द, सन्तुष्टि, एक-अर्काप्रति नजिक भएको अनुभूति गर्न सकेको छ ।

» अन्य व्यक्ति जस्तोः आफ्नो यौन साथी (पार्टनर) तथा स्वास्थ्य सेवा प्रदायकहरूसित आफ्ना यौन समस्याहरूका बारेमा भन्न सक्ने क्षमता वा अवस्था छ ।

---

१. जीवनचक्र अन्तर्गत जन्म, शिशु अवस्था, बाल्यकाल, किशोर-किशोरी, महिनावारी, युवावस्था, गर्भावस्था, सुत्केरी/स्तनपान, महिनावारी, वृद्ध, मृत्युजस्ता सम्पूर्ण घटनाहरू पर्दछन् ।

२. What is Sexual Health? American Sexual Health Association, www.ashassexualhealth.org/sexual-health/, access on 1 March 2021.

त्यस्तैगरी, विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले पनि यौन स्वास्थ्यलाई परिभाषित गर्न खोजेको देखिन्छ । डब्लुएचओका अनुसार यौन स्वास्थ्य भन्नाले यौनिकतासित सम्बन्धित शारीरिक, भावनात्मक, मानसिक तथा सामाजिक रूपमा स्वस्थ वा राम्रो अवस्थालाई जनाउँदछ । यौन स्वास्थ्य भन्नुको अर्थ रोगबाट मुक्त रहेको अवस्था वा रोगका कारणले हुने शारीरिक दुर्बलताबाट मुक्त रहेको अवस्थालाई जनाएर मात्र पुग्दैन भन्ने विषयलाई विश्व स्वास्थ्य सङ्गठनले पनि जोड दिएको देखिन्छ । यौन स्वास्थ्य ठिक छ भन्नको लागि यौनिकताप्रतिको सकारात्मक र सम्मानजनक धारणा र यौन सम्बन्धको आवश्यकताको साथसाथै करकापबाट मुक्त, भेदभाव तथा हिंसा बिनाको सुरक्षित र सुखद यौन अनुभूति समेत हुनु पर्दछ । तसर्थ, यौन स्वास्थ्य प्राप्त गर्नु, व्यवस्थित गर्नु, सबै व्यक्तिको यौन अधिकारको सम्मान, संरक्षण र परिपूर्तिसित सम्बन्धित विषय नै यौन स्वास्थ्य हो । विश्व स्वास्थ्य सङ्गठनले यौन स्वास्थ्यसित जोडिएका महत्वपूर्ण अवधारणागत विषयहरू निम्नानुसार रहेको उल्लेख गरेको छ[३]:

- यौन स्वास्थ्य भनेको समग्रमा कुनै पनि व्यक्तिको सम्पूर्ण स्वस्थतासित जोडिएको विषय हो । यो रोगबाट मुक्त भएको अवस्था मात्र होइन ।
- यौन स्वास्थ्यको महत्व बच्चा पाउने उमेर वा अवस्थासित मात्र सम्बन्धित नभई जीवनभरि नै अत्यन्त महत्वपूर्ण रहेको हुन्छ ।
- यौन स्वास्थ्यसँग सम्मान, सुरक्षा तथा भेदभाव र हिंसाबाट हुने स्वतन्त्रता पनि जोडिएको हुन्छ ।
- यौन स्वास्थ्यको अभिव्यक्ति विविध यौनिकता तथा विविध खाले यौन अभिव्यक्तिहरूबाट सम्प्रेषित भइरहेको हुन्छ ।
- यौन स्वास्थ्य निश्चित मानव अधिकार प्राप्त गर्ने सवालसित पनि जोडिएको हुन्छ ।
- कुनै पनि समाजमा रहेको लैङ्गिक मूल्य, मान्यता, लैङ्गिक भूमिका, अपेक्षा तथा शक्ति-सम्बन्धले यौन स्वास्थ्य तथा यससित सम्बन्धित धारणालाई प्रभावित गरिरहेको हुन्छ ।

## २. प्रजनन स्वास्थ्य भनेको के हो ?

जनसंख्या तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPP– PoA) का अनुसार प्रजनन (सन्तान जन्माउने क्रियासँग सम्बन्धित) स्वास्थ्य भन्नाले प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक, मानसिक तथा सामाजिक रुपमा पूर्ण स्वस्थ्य रहेको स्थिति हो । प्रजनन स्वास्थ्य अन्तर्गत दम्पत्ति (लोग्नेस्वास्नी) र व्यक्तिको आफ्ना सन्तानहरूको संख्या, कति अन्तरमा सन्तान जन्माउने भन्ने सम्बन्धमा स्वतन्त्र र जिम्मेवार भई निर्णय गर्ने क्षमतालाई समेत समेटिएको छ । बेइजिङ्ग घोषणापत्र, १९९५ ले प्रजनन स्वास्थ्य सेवाले करकाप, विभेद र हिंसा बिना स्वतन्त्र र जिम्मेवारीसाथ ती सेवाहरू उपभोग गर्न सक्ने अवस्थालाई पनि जनाउँदछ । नेपालको कानुनले पनि

३. https://www.who.int/teams/sexual-and-reproductive-health-and-research/key-areas-of-work/sexual-health/defining-sexual-health

'प्रजनन स्वास्थ्य' भन्नाले प्रजनन पद्धति, प्रक्रिया र कार्यसँग सम्बन्धित शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य स्थितिका[४] रूपमा परिभाषित गरेको छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार प्रजनन स्वास्थ्य भनेको प्रजनन पद्धति/प्रक्रिया र सोसँग सम्बन्धित रोग र शारीरिक अशक्तता/दुर्बलताबाट मुक्त अवस्था मात्र नभई शारीरिक, मानसिक र सामाजिक रूपमा पूर्ण स्वस्थ रहेको स्थिति हो । सन्तुष्ट र सुरक्षित यौन जीवन यसै अन्तर्गत पर्दछ । यसका साथै, प्रजनन स्वास्थ्यले कति सन्तान जन्माउने, कहिले जन्माउनेजस्ता स्वतन्त्र रूपमा सन्तान जन्माउने विषयमा स्वतन्त्र निर्णय गर्न सक्ने अवस्था समेतलाई जनाउँदछ ।

## ३. यौन स्वास्थ्य अधिकार अन्तर्गत के के पर्दछन् ?

सामान्यतया प्रजनन स्वास्थ्य अधिकार भन्ने वित्तिकै महिलाको प्रजनन स्वास्थ्य अधिकारसित जोडेर हेर्ने गरिन्छ । तर, प्रजनन् स्वास्थ्य अधिकार महिलाको अधिकारसित मात्र सम्बन्धित छैन । यो अधिकार महिला, पुरुष, तथा परम्परागत रूपमा महिला र पुरुषको परिभाषाभित्र नपर्ने विविध लैङ्गिक पहिचान तथा यौन अभिमुखिकरण (सेक्सुअल ओरियन्टेशन) भएका व्यक्तिको अधिकार र सवालसित पनि यो विषय जोडिएको छ ।

यौन स्वास्थ्य, प्रजनन स्वास्थ्य तथा प्रजनन अधिकारहरू एक-आपसमा अन्योन्याश्रित र अन्तर-सम्बन्धित छन् । अर्थात्, यी अधिकारहरू एक-अर्कासित जोडिएका हुन्छन् । यौन स्वास्थ्य वा प्रजनन स्वास्थ्य अन्तर्गतका अधिकारहरू मध्ये व्यक्तिको कुनै एक अधिकारको हनन् भएमा वा परिपूर्ति नभएमा निजले अर्को अधिकार उपभोग गर्न सक्ने अवस्था रहँदैन । उदाहरणका लागि कुनै महिलाले कहिले बच्चा जन्माउने, को सितको सम्बन्धबाट बच्चा जन्माउने भन्ने विषयमा निर्णय गर्ने अधिकार दिईएन भने उनले यौनिकताको अधिकारको उपभोग पनि गर्न सक्दैन । यसकारण यौन स्वास्थ्य अधिकारको चर्चा गर्दा धेरैजसो अवस्थामा प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकारका विषयहरू पनि साथै जोडिएर आउने गरेको देखिन्छ । यति हुँदाहुँदै पनि कतिपय अवस्थामा यौन स्वास्थ्य अधिकारलाई छुट्टाछुट्टै बुझाउने वा बुझ्ने प्रयत्न पनि हुँदै आएको देखिन्छ ।

कुनै पनि व्यक्ति चाहे ती महिला, पुरुष वा महिला र पुरुषको परम्परागत परिभाषाभित्र नअटाउने विविध लैङ्गिक पहिचान[५], यौन विशेषता[६] तथा यौन अभिमुखीकरण (सेक्सुअल ओरियन्टेशन)[७] भएका व्यक्तिहरूको आफ्नो शरीरमाथि आफ्नो पूर्ण अधिकार रहेको सुनिश्चित गर्नका निमित्त यौन स्वास्थ्य अधिकार, प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकार अत्यन्त महत्वपूर्ण अधिकारहरू हुन् । यी अधिकारहरूलाई संविधानमा मौलिक हक वा कानुनी अधिकारको रूपमा सुनिश्चत गरियो भने यी अधिकारहरू उपभोग गर्न सक्ने अवस्था वा वातावरण बनाउने विषयममा राज्यलाई जिम्मेवार वा उत्तरदायी बनाउन सकिन्छ । मूलतः यी अधिकारहरू सुनिश्चित गर्न चाहिने भौतिक पूर्वाधार, सो सम्बन्धमा ज्ञान र शिप सहितको सेवा प्रवाह, उक्त सेवा प्रदायक निकायहरूमा सेवा लिने व्यक्ति तथा नागरिकहरूको पहुँच, सेवाको उपलब्धता, गुणस्तरीयता जस्ता विषयहरू यस अर्न्तगत पर्दछ । अतः यौन स्वास्थ्य अधिकार भनेको महिलासितमात्र सम्बन्धित छैन । यो महिला, पुरुष वा महिला र पुरुषको परम्परागत परिभाषाभित्र नअटाउने विविध लैङ्गिक पहिचान भएका सबै ब्यक्तिको अधिकार हो ।

४. दफा २ (ढ), सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५, नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब ब्यवस्था समिति

५. लैङ्गिक पहिचान भन्नाले हरेक ब्यक्तिको भित्री मन वा अन्तरात्माबाट लैङ्गिकता सम्बन्धी आएको ब्यक्तिगत अनुभूति र अनुभव एंव भित्री मनबाट आएको आन्तरिकबोध र नीजले त्यसलाई प्रस्तुतिकरण तथा आफ्नो लैङ्गिकता चिनाउन प्रयोग गर्ने शब्दावली हो ।

६. प्रत्येक व्यक्तिको यौनाङ्ग, प्रजनन प्रणालीसित सम्बन्धित मानव शरीरका अङ्गहरू तथा गुण सुत्रका आधारमा छुट्टिने भिन्नताहरू ।

७. कुनै व्यक्ति अर्को व्यक्तिसित यौनिक वा प्रेम सम्बन्धका निमित्त आकर्षित हुनु ।

यौन स्वास्थ्य अधिकार व्यक्तिको यौनिकतासित सम्बन्धित आधारभूत मानव अधिकार हो । प्रत्येक व्यक्तिसँग आफ्नो यौनिकता सम्बन्धी निर्णय लिने अधिकार हुन्छ । यौनिकताको अभिव्यक्ति, गर्भधारण, यौनिकतासित जोडिएको भेदभावपूर्ण संरचनाको अन्त्य, बच्चा जन्माउने चाहना, यौन सुख, यौन हिंसा, यौन स्वतन्त्रता, सुरक्षा र समग्र स्वतन्त्रताको सम्मान र सोसित सम्बन्धित मौलिक तथा कानुनी अधिकारजस्ता विषयहरू यौन स्वास्थ्य अधिकारसँग जोडिएका हुन्छन् । व्यक्तिले आफ्नो स्वास्थ्य स्थिति, शारीरिक अवस्था तथा विकास, भेदभाव तथा हिंसारहित यौनव्यवहार आदिको पूर्ण नियन्त्रण तथा समझदारीमा र समान सहभागितामा स्वतन्त्र रूपले यौनिक व्यवहार गर्न सक्दछ भने इच्छा नभएको अवस्थामा अस्वीकार गर्ने अधिकार पनि सबै व्यक्तिमा रहेको हुन्छ ।

विश्व स्वास्थ्य सङ्गठन, वर्ल्ड एशोसियशन अफ सेक्सुअल राइट्स लगायत विभिन्न अन्तर्राष्ट्रिय सम्मेलन[८]हरूले यौन स्वास्थ्य अधिकारको बारेमा प्रष्टता ल्याउने प्रयत्न गरेको देखिन्छ । यी संस्थाहरूका अनुसार यौन स्वास्थ्यको अधिकार अन्तर्गत महिला, पुरुष र विविध लैङ्गिक पहिचान (पारलिङ्गी महिला, पारलिङ्गी पुरुष, तेस्रो लिङ्गी आदि) र सेक्सुअल ओरियन्टेसन (महिला समलिङ्गी, पुरुष समलिङ्गी, द्विलिङ्गी आदि ) भएका व्यक्तिहरूको निम्न अधिकारहरू पर्दछन्:

- यौन स्वतन्त्रताको अधिकार अन्तर्गत आफ्नो शरीर र यौनिक सम्बन्धमा आफैंले नियन्त्रण गर्न पाउने अधिकार,
- कहिले र कसरी यौनिक सम्बन्ध कायम गर्ने भन्ने बारे निर्णय लिन पाउने पूर्ण अधिकार,
- आफ्नो यौन सम्बन्धी गोपनियता कायम गर्न पाउने अधिकार,
- यौन अधिपत्य, यौन इमान्दारिता यौन सुरक्षाको अधिकार,
- महिला, पुरुष तथा विविध लैङ्गिक पहिचान तथा यौन अभिमुखीकरण (सेक्सुअल ओरियन्टेशन) भएका व्यक्तिहरूको यौन सम्बन्धी समान अधिकार,
- यौन आनन्दको अधिकार,
- यौन संवेग (Emotions) अभिव्यक्त गर्ने अधिकार,
- स्वतन्त्रपूर्वक यौन सम्बन्ध स्थापित गर्ने अधिकार (कोसँग यौनिक सम्बन्ध राख्ने, कसरी रोमाञ्चित सम्बन्ध कायम गर्ने अधिकार आदि),
- स्वतन्त्र तथा जिम्मेवारीपूर्वक प्रजनन छनौट गर्ने अधिकार,
- यौन सम्बन्धी वैज्ञानिक सूचना जानकारी लिन सकिने अधिकार,
- बृहत्तर यौनिकता शिक्षा लिन पाउने अधिकार,
- यौन स्वास्थ्यको हेरचाह र उपचार गर्ने अधिकार,
- दीर्घकालीन सम्बन्ध स्थापित गर्ने तथा विवाह गर्ने अधिकार,
- इच्छा विरुद्ध वा जबरजस्ती विवाह गर्न प्रयत्न भएमा इन्कार गर्ने अधिकार,
- समलिङ्गी यौनिक सम्बन्ध कायम गर्न पाउने अधिकार, आदि ।

८. सन् १९९९ मा हङकङमा भएको विश्व यौनिकता सम्बन्धी सम्मेलनले ११ वटा यौन अधिकारहरु अङ्गिकृत गरेको पाइन्छ ।

माथि उल्लिखित अधिकारदेखि बाहेक निश्चित मानव अधिकारको सम्मान, संरक्षण, परिपूर्ति बिना यौन स्वास्थ्य सुनिश्चित हुन र माथिका अधिकारहरूको उपभोग र प्राप्त गर्न सकिदैन । अतः यौन स्वास्थ्यको अधिकारले अन्य निश्चित मानव अधिकारको सम्मान, संरक्षण, परिपूर्तिको आवश्यकतालाई जोड दिन्छ । यौन स्वास्थ्यको अधिकारलाई सुनिश्चित गर्न आवश्यक यौन अधिकारसित जोडिएका मानव अधिकारहरू निम्न छन्ः

- समानता र भेदभाव विरूद्धको अधिकार
- यातना वा क्रूर, अमानवीय, अपमानजनक व्यवहार र सजायबाट मुक्ति विरुद्धको अधिकार
- गोपनियताको अधिकार
- उच्चतम पाउन सकिनेस्तरको स्वास्थ्य अधिकार (त्यस अन्तर्गत यौन स्वास्थ्यको अधिकार) तथा सामाजिक सुरक्षा सम्बन्धी अधिकार
- विवाहको अधिकार, परिवार बनाउने अधिकार, स्वतन्त्र सहमतिमा आफूले चाहेको व्यक्तिसित विवाह गर्न पाउने अधिकार, विवाह गर्न वा विवाह-विच्छेदका सम्बन्धमा समान अधिकार
- बच्चा पाउने वा नपाउने, कतिजना पाउने वा कति समयसिमाको अन्तरमा बच्चा पाउने भन्ने अधिकार
- सूचना तथा शिक्षाको अधिकार
- अभिव्यक्ति स्वतन्त्रताको अधिकार
- मौलिक हकको हनन् भएमा प्रभावकारी उपचार प्राप्त गर्न पाउने अधिकार

समग्रमा, यौनिकता र यौन स्वास्थ्यसित जोडिएका मानव अधिकारहरू नै यौन अधिकार हुन् । यौन अधिकारले प्रत्येक व्यक्तिको यौनिकताको अभिव्यक्ति तथा यौन स्वास्थ्य उपभोग गर्न पाउने अवस्थाको परिपूर्ति गर्दछ ।[९]

## ४. प्रजनन स्वास्थ्य अधिकार भन्नाले के बुझिन्छ ?

कुनै पनि व्यक्तिको आफ्नो शरीरमाथि आफ्नो पूर्ण अधिकार रहेको सुनिश्चित गर्न यौन स्वास्थ्य अधिकार सुनिश्चित हुनु मात्र पनि पर्याप्त हुँदैन । प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकार पनि एक अत्यन्त महत्वपूर्ण अधिकार हो ।

९. डब्लूएचओ, २००६ क, परिमार्जित २०१०

प्रजनन स्वास्थ्यको अधिकार अन्तर्गत प्रजनन अधिकारका साथै अन्य वृहद अधिकारहरू पनि समेटिएका छन् । सामान्यतया कुनै पनि व्यक्तिलाई शारीरिक, मानसिक तथा सामाजिक रूपमा पूर्ण स्वस्थ रहन राज्यले संविधान तथा कानुन मार्फत सुनिश्चित गरिएका अधिकारहरू नै प्रजनन स्वास्थ्य अधिकार हुन् ।

### प्रजनन स्वास्थ्यको हक

- यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित शिक्षा, जानकारी, परामर्श र सेवा प्राप्त गर्ने अधिकार ।
- प्रजनन स्वास्थ्यसँग सम्बन्धित सेवा, परामर्श र जानकारी पाउने हक ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र र प्रजनन स्वास्थ्य सम्बन्धि हक हुनेछ । प्रत्येक महिलालाई गर्भान्तर र सन्तानको संख्या निर्धारण गर्ने अधिकार हुनेछ ।
- गर्भनिरोधक साधनहरूको बारेमा जानकारी प्राप्त गर्ने र सोको प्रयोग गर्नेसम्बन्धी अधिकार ।
- सुरक्षित गर्भपतन सेवा प्राप्त गर्ने अधिकार ।
- जीवनको विभिन्न चक्रहरूमा सर्वसुलभ, स्वीकार्य र सुरक्षित तवरले आवश्यक प्रजनन स्वास्थ्य सेवाहरू प्राप्त गर्ने अधिकार ।
- प्रजनन स्वास्थ्य सेवाको छनौट गर्ने अधिकार ।
- प्रसुति बिदाको अधिकार ।
- गोपनीयताको अधिकार ।
- विभेद गर्न नपाईने ।
- अपाङ्गतामैत्री र किशोर-किशोरीमैत्री सेवाहरू प्राप्त गर्ने अधिकार ।
- क्षतिपूर्ति प्राप्त गर्ने हक ।

### प्रजनन हक

प्रजनन हक अन्तर्गत कति जन्मान्तरमा गर्भधारण गर्ने, गर्भ धारण पनि गर्न कि नगर्ने, परिवार नियोजनका साधनहरू प्रयोग गर्ने कि नगर्ने, आफ्नो गर्भ सुरक्षित राख्ने कि नराख्ने, गर्भवती हुँदा स्वास्थ्य सेवा लिन स्वास्थ्यचौकी जाने र पोषिलो आहारको व्यवस्था गर्ने सम्बन्धमा निर्णय गर्न आर्थिक अधिकारमाथि आफ्नो पूर्ण अधिकार लगायतका विविध अधिकारहरू उपभोग गर्न पाउने हकहरू यस हक अन्तर्गत पर्दछन् ।



विश्वव्यापी रुपमा हेर्ने हो भने प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकारको विकास तथा स्थापित क्रमशः भएको देखिन्छ । विश्व स्वास्थ्य सङ्गठनले प्रत्येक व्यक्तिसित यौन सन्तुष्टि, तथा सुरक्षित यौनिक जीवनयापनको क्षमता तथा तथा सो सम्बन्धमा जिम्मेवारी रहेको हुन्छ भनि उल्लेख गरेका छन् । उनीहरुसँग जन्म दिने सक्षमता तथा स्वतन्त्रतापूर्वक कहिले र कसरी गर्ने भन्ने निर्णय लिने क्षमता हुने गर्दछ । वास्वतमा सोसित सम्बन्धित अधिकारहरू नै प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकार अन्तर्गत पर्दछन् । यी अधिकारहरू कानुनद्वारा प्रत्याभूत अर्थात् संरक्षण गरिएको हुन्छ । कुनै पनि अधिकार कानुनद्वारा संरक्षित गरिएपछि सो अधिकार उपभोगका निमित्त आवश्यक सेवाहरू उपलब्ध गराउने जिम्मा राज्यको हुन्छ । यदि राज्यले उक्त सेवाहरू उपलब्ध नगराएको अवस्थामा ती अधिकारहरू हनन् भयो र ती अधिकार उपलब्ध गराई पाउँ भनी कानुनी उपचार मार्फत व्यक्तिले ती अधिकारहरू सुनिश्चित गराउने अधिकार राख्दछ ।

विश्व स्वास्थ्य सङ्गठन बाहेक जनसङ्ख्या तथा विकास सम्मेलन (ICPD) १९९४, बेइजिङ्ग घोषणापत्र, १९९५, अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घ (IPPF), संयुक्त राष्ट्रसङ्घको यौन तथा प्रजनन सम्बन्धी वडापत्र (सन् २०००) ले यौन स्वास्थ्य अधिकारका विषयमा विश्वव्यापी सिद्धान्त, अवधारणा र अधिकारसित जोडिएका मान्यताहरू स्थापित गर्दै आएको देखिन्छ । यी मान्यतालाई निम्न तालिकामा उल्लेख गरिएको छः

## विश्व स्वास्थ्य सङ्गठन

- स्वतन्त्र तथा जिम्मेवारीपूर्वक कति सङ्ख्या, कति गर्भान्तर र कुन समयमा बालबालिका जन्माउने भन्ने विषयमा स्वतन्त्रतापूर्वक निर्णय गर्न पाउने अधिकार ,
- प्रजनन तथा प्रजनन स्वास्थ्य अधिकारसित सम्बन्धित तथ्याङ्क र जानकारीहरु प्राप्त गर्ने अधिकार,
- उच्चस्तरीय यौन तथा प्रजनन स्वास्थ्यको उपलब्धताको लागि प्रयत्न गर्न पाउने अधिकार ।

## अन्तर्राष्ट्रिय परिवार नियोजन महासङ्घ (IPPF)

यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी मानव अधिकारका सम्बन्धमा सातवटा सिद्धान्तहरुलाई जोड दिएको देखिन्छ जुन निम्न रहेका छन्:

- यौनिकताको अभिव्यक्ति,
- गर्भधारण,
- बालबालिकाको विकास,
- भेदभावको संरचनाको अन्त्य,
- बच्चा जन्माउने चाहना, यौन सुख,
- यौन हिंसाको अन्त्य
- यौन स्वतन्त्रता र सुरक्षा, कानुनी प्रावधान र अधिकार तथा स्वतन्त्रताको सम्मान ।

## बेइजिङ घोषणापत्र, १९९५

- महिलाको यौन तथा प्रजनन अधिकारलाई अङ्गिकार गर्दै यौन तथा प्रजनन अधिकारको संरक्षण तथा निर्णय गर्ने अधिकारको प्रत्याभूति

## संयुक्त राष्ट्रसङ्घको यौन तथा प्रजनन सम्बन्धी वडापत्र (२०००)

- गर्भधारण, शिशुको जन्म र लिङ्गका कारणबाट व्यक्तिको जीवनमा खतरा हुनु हुँदैन ।
- यौन तथा प्रजनन जीवनमाथि आफैं निर्णय र नियन्त्रण गर्न पाउने हक ।
- जाति, रङ्ग, धर्म, लिङ्ग, भाषा, यौन प्रवृत्ति र सामाजिक बनावटको आधारमा भेदभाव गरिनु हुन्न ।

## संयुक्त राष्ट्रसङ्घको यौन तथा प्रजनन सम्बन्धी वडापत्र (२०००)

- प्रजनन स्वास्थ्य सम्बन्धी निर्णय गर्ने र सूचना प्राप्त गर्ने अधिकार सबैलाई हुन्छ ।
- बच्चा पाउने, नपाउने वा कति सङ्ख्यामा पाउने भन्ने अधिकार व्यक्तिगत हुन्छ ।
- आफ्नो यौन तथा प्रजनन जीवनको निर्णय आफैं गर्न पाउनु पर्दछ ।
- प्रत्येक व्यक्तिको यौन शिक्षा प्राप्त गर्ने, सूचना प्राप्त गर्ने अधिकार हुन्छ, जुन व्यक्तिगत हुन्छ र व्यक्तिगत स्वतन्त्रतामा भर पर्दछ ।
- उपलब्ध, शारीरिक तथा मानसिक स्वास्थ्य सुविधा प्रयोग गर्न पाउनु व्यक्तिगत अधिकार हो ।
- वैज्ञानिक आविष्कारको उपयोग गर्न पाउने अधिकार सबैमा हुन्छ ।

**“कुनै पनि अधिकार कानुनद्वारा संरक्षित गरिएपछि सो अधिकार उपभोगका निमित्त आवश्यक सेवाहरू उपलब्ध गराउने जिम्मा राज्यको हुन्छ । यदि राज्यले उक्त सेवाहरू उपलब्ध नगराएको अवस्थामा ती अधिकारहरू हनन् भयो र ती अधिकार उपलब्ध गराई पाउँ भनी कानुनी उपचार मार्फत व्यक्तिले ती अधिकारहरू सुनिश्चित गराउने अधिकार राख्दछ ।”**

# ख नेपालको संविधान




**१. नेपालको संविधानले यौनिक तथा विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरूको के-कस्ता मौलिक हकहरूको व्यवस्था गरेको छ ?**

- **लैङ्गिक पहिचान सहितको नागरिकता प्राप्त गर्ने अधिकार**
- **समानताको हक अन्तर्गत लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई विशेष व्यवस्था गर्न सकिने प्रावधान**
- **समान कामका लागि लैंङ्गिक आधारमा पारिश्रमिक**
- **पैतृक सम्पत्तिमा लैंङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने व्यवस्था**
- **सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक**

## १. नेपालको संविधानले यौनिक तथा विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरूको के-कस्ता मौलिक हकहरूको व्यवस्था गरेको छ ?

कुनै पनि व्यक्तिको स्वतन्त्र र सम्मानपूर्वक जीवन यापनका निमित्त आवश्यक पर्ने अधिकारलाई लिखित संविधान भएको मुलुकमा मौलिक हकको रूपमा स्थापित गरिएको हुन्छ । मौलिक हक व्यक्तिको स्वतन्त्रता, व्यक्तिको आत्मसम्मान एवम् लोकतान्त्रिक र लोक कल्याणकारी राज्यको आधारभूत मान्यता हो । मानव अधिकार र मौलिक हक सम्बन्धी अवधारणा एक-अर्कामा अन्तरसम्बन्धित रहेका हुन्छन् । मौलिक हक व्यक्तिको निजी हक भएकोले एउटाको हक अर्कोले प्रयोग गर्न सक्दैन । त्यसैले मौलिक हक कसैलाई हस्तान्तरण गर्न मिल्दैन । मौलिक अधिकारको सुनिश्चितताले सरकारलाई व्यक्ति वा नागरिकप्रति उत्तरदायी बनाउँदछ । यो अधिकारलाई सरकारले कानुनमा परिवर्तन गरेर वा संशोधन गरेर समाप्त गर्न सक्दैन ।

नेपालको संविधानको धारा १६ देखि धारा ४८ सम्मले मौलिक हकको व्यवस्था गरेको छ । यस अन्तर्गत तेत्तीसवटा अत्यन्त महत्वपूर्ण मौलिक हकहरूको व्यवस्था गरिएको छ । त्यसमध्ये कुनै अधिकार निश्चित समूह/समुदायको हकसित जोडिएको छ, भने कुनै अधिकार नेपालको नागरिकलाई मात्र लागू हुने गरी व्यवस्था गरिएको छ । त्यसैगरी, कुनै अधिकार नेपालमा बसोबास गर्ने सबै व्यक्तिका हकमा लागू हुने गरी व्यवस्था गरिएको छ । यसको अर्थ कुनै विदेशी नेपालमा बसोवास गरेका छन् भने ती मौलिक हकहरू ती व्यक्तिहरूको हकमा समेत लागू हुन्छ ।

यस परिप्रेक्ष्यमा विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको अधिकारका सम्बन्धमा नेपालको संविधानले निम्न महत्वपूर्ण व्यवस्था गरेको छ ः




## क) लैङ्गिक पहिचान सहितको नागरिकता प्राप्त गर्ने अधिकार



व्यक्तिको 'पहिचान' उसले नागरिकता प्राप्त गर्ने अधिकारसित जोडिएको हुन्छ । नेपालको संविधानले पाँच प्रकारको नागरिकता प्रदान गर्न सक्ने व्यवस्था गरेको छ : वंशजको नागरिकता, जन्मको आधारमा प्राप्त गर्ने नागरिकता, वैवाहिक अङ्गिकृत नागरिकता, गैरआवासीय नागरिकता तथा सम्मानार्थ नागरिकता । उल्लिखित विभिन्न प्रकारका नागरिकता कसले कुन अवस्थामा प्राप्त गर्न सक्दछ भन्ने सम्बन्धमा नेपालको संविधानले धेरैजसो अवस्थामा महिला, पुरुष, छोराछोरी भन्ने शब्दको प्रयोग नगरी सबै लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई समेट्न सक्ने गरी 'लैङ्गिक तटस्थ' शब्द प्रयोग गरेको देखिन्छ । उदाहरणका लागि, नेपालको नागरिकता प्राप्त गर्न 'योग्य व्यक्ति', 'नाबालक', बाबुको पहिचान हुन नसकेको 'व्यक्ति', 'लैङ्गिक पहिचान सहित' भन्ने शब्दहरू प्रयोग गरेको पाइन्छ । वैवाहिक अङ्गिकृत नागरिकसँगको सम्बन्धबाट प्राप्त गर्ने नागरिकता सम्बन्धमा मात्र विदेशी नागरिकसँग विवाह गरेकी नेपाली 'महिला' भन्ने शब्द प्रयोग गरिएको पाइन्छ । समग्रमा विविध लैङ्गिक पहिचान भएका व्यक्तिको नागरिकता प्राप्त गर्ने अधिकारलाई नेपालको संविधानले सुरक्षित गरेको देखिन्छ ।

तर पहिचान सहितको नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने सवालमा संविधान सङ्कुचित भएको देखिन्छ । संविधानको धारा १२ ले सबै प्रकारको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई 'पहिचान' सहितको नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छैन । उक्त प्रावधान अनुसार वंशजको आधारमा नागरिकता प्राप्त गर्ने व्यक्तिले मात्र आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था गरेको छ । यसको अर्थ अङ्गिकृत नागरिकता, जन्मको आधारमा प्राप्त गर्ने नागरिकता, वैवाहिक अङ्गिकृत नागरिकता, गैरआवासीय नागरिकता, सम्मानार्थ नागरिकता प्राप्त गर्ने व्यक्तिले 'लैङ्गिक पहिचान' सहितको नागरिकता प्राप्त गर्न सक्ने देखिँदैन । यसलाई विभेदपूर्ण व्यवस्थाको रूपमा लिन सकिन्छ ।

## ख) समानताको हक अन्तर्गत लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई विशेष व्यवस्था गर्न सकिने प्रावधान

नेपालको संविधानले सबै नेपाली नागरिकलाई लागू हुने अधिकारको रूपमा समानताको अधिकार सुनिश्चित गरेको छ । समानताको अधिकारले दुईवटा महत्वपूर्ण सिद्धान्तलाई आत्मसात गरेको छ : भेदभाव विरुद्धको सिद्धान्त र सकारात्मक विभेदलाई विभेद नमानिने सिद्धान्त । कानुनको अगाडि समान भन्नाले सबै नागरिकहरू राज्यका निमित्त बराबर हुन्छन् । कोही पनि नागरिक ठूला वा साना छैनन्, सबै समान हुन् भन्ने हो । अतः राज्यका लागि कुनै पनि नागरिक उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, गर्भावस्था लगायतका आधारमा फरक छैन । राज्यले कुनै पनि व्यक्तिलाई माथि उल्लिखित अवस्थाका आधारमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा भेदभावपूर्ण व्यवहार गर्न नपाइने भन्ने हो ।

त्यस्तै, कानुनको समान संरक्षणको अवधारणा भनेको राज्यका कुनै पनि निकायले कानुनको प्रयोग गर्दा राज्यका नागरिकहरू सबैलाई समान व्यवहार गर्नुपर्छ, कुनै पनि नागरिकलाई उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन भन्ने व्यवस्था हो । अर्थात्, यस अवधारणाले सबैलाई समान रूपमा व्यवहार गर्नुपर्छ भन्ने मान्यतालाई अगाडि सार्दछ । उदाहरणका लागि, यसले महिला र पुरुष समान हुन्, महिला, पुरुष तथा विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिलाई फरक-फरक किसिमले व्यवहार गर्नु हुदैन भन्ने मान्यतालाई प्रोत्साहित गर्दछ ।

नेपालको संविधानमा रहेको समानता सम्बन्धी हकले सकारात्मक ब्यवस्था गर्न सक्ने विषयलाई आत्मसात गरेको छ । धारा १८ को उपधारा ३ को प्रतिबन्धात्मक वाक्यांशले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बनाएर विशेष व्यवस्था गर्न सक्ने प्रावधान राखेको छ । यसको अर्थ समानताको अधिकारलाई औपचारिक समानताको अवधारणामा मात्र सीमित गरेको छैन भन्ने नै हो ।

संविधानले स्पष्ट रूपमा सारभूत समानता भन्ने शब्दको प्रयोग नगरे तापनि लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुका निमित्त विशेष व्यवस्था गर्न सक्ने अवसर दिएको छ । यसले महिलाहरू, दलितहरू, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु किन पछाडि परे वा पारिए भन्ने विषयलाई अध्ययन गरी सोको आधारमा उक्त ऐतिहासिक विभेद र वञ्चितिकरणलाई ध्यानमा राखी सकारात्मक व्यवस्थाको माध्यमबाट उक्त वर्गलाई वास्तविक रूपमा समान बनाउन आवश्यक पहलहरु गर्न कानुन, नीति तथा कार्यक्रम ल्याउन अवसरहरू खुला गरेको छ ।

धर्म, सामाजिक परम्परा, मूल्यमान्यता, राजनीतिक प्रणाली, न्यायिक प्रणाली लगायत हरेक क्षेत्रमा रहेको भेदभाव तथा भेदभावको कारणले महिलाहरुले शिक्षामा, राजनीतिमा, नीति निर्माण तथा निर्णय प्रक्रिया, विकास, रोजगारीको अवसरमा, ज्यालामा स्वास्थ्य सुविधा प्राप्त गर्नमा, समान पारिवारिक अधिकार, नागरिता लगायत वृहद आर्थिक, सामाजिक र सांस्कृतिक तथा राजनीतिक क्षेत्रमा विभेद तथा असमानताको सामना गरिरहेका छन् । यस अवधारणाले अन्तरविविधताको (इन्टरसेक्सनालिटी) अवधारणाका आधारमा महिला र पुरुष वा विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुबीच रहेको भिन्नता तथा महिलाभित्रको अन्तरविविधता तथा यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुबीच रहेको भिन्नतालाई विश्लेषण गरी भेदभाव तथा असमानतामा बाँचिरहेका उनीहरुको आवश्यकता सम्बोधन गर्न जोड दिएको छ । तर समग्रमा महिलाको हक सम्बन्धी छुट्टै धाराको व्यवस्था गरेजस्तो विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्न छुट्टै विशेष हकको व्यवस्था भने गरेको छैन । साथै, महिलाको हक अन्तर्गत पनि पारलिङ्गी महिला, समलिङ्गी महिला, द्वियौनिक महिलाको हकका बारेमा संविधान मौन रहेको देखिन्छ । विविध लैङ्गिक तथा यौन विशेषता भएका पुरुषहरू विरुद्ध हुने भेदभाव तथा असमान व्यवहारलाई विशेष सम्बोधन गर्ने सम्बन्धमा संविधान मौन देखिन्छ ।

### ग) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक




नेपालको संविधानको धारा १८ ले समानताको अधिकार अर्न्तगत समान कामका लागि लैङ्गिक आधारमा भेदभाव नगरिने व्यवस्था गरेको छ । मूलभूत रुपमा समान किसिमको (मूल्य) को कामको समान ज्यालाको अवधारणालाई यसले समेटेको छ । समाजमा महिला त्यसभित्र पनि समलिङ्गी महिला, पारलिङ्गी महिला तथा द्विलिङ्गी महिलाको श्रमको योगदानप्रति रहेको परम्परागत विभेदकारी दृष्टिकोणले, औपचारिक र अनौपचारिक श्रम क्षेत्रविचको भेदभाव तथा महिलाको सहभागिता धेरै रहेको, श्रम क्षेत्रको अवमूल्यन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न यो व्यवस्था अत्यन्त महत्वपुर्ण रहेको छ । यस व्यवस्थालाई अझ विस्तृत गर्न रोजगारीमा महिलाको विशेष अधिकारको व्यवस्था गरेको छ । यस अर्न्तगत महिलाभित्र यौनिकता र लैङ्गिक पहिचानका आधारमा रहेको अन्तरविविधतालाई सम्बोधन गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

### घ) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने व्यवस्था



पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानले समान हक पाउने व्यवस्था समानताको हक अर्न्तगत धारा १८ को उपधारा ५ मा व्यवस्था गरिएको छ । यसले विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको अधिकार सुनिश्चित गर्न तथा आर्थिक सशक्तीकरणको बाटो बनाउन मद्दत गर्दछ । ग्रामिण क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरु मूलतः विविध यौनिक तथा लैङ्गिक पहिचान भएका ब्यक्तिहरुका निमित्त यो अत्यन्त महत्वपूर्ण हुन्छ । किनकी कृषि र पशुपालनजस्ता ग्रामिण क्षेत्रमा बसोवास गर्ने व्यक्तिहरुको आर्थिक उपार्जनको प्रमुख आधार जमिन हो, जुन पैतृक सम्पत्तिबाट प्राप्त हुन्छ । यस अधिकार अर्न्तगत अपुताली अंश लगायतका व्यवस्था पनि सबै लिङ्गका सन्तानमा समान रुपमा लागु हुन्छ । यस व्यवस्थाको अर्को महत्वपूर्ण विषय के हो भने यो हक सुनिश्चित गर्दा छोरा वा छोरी भन्ने शब्द प्रयोग नगरी सन्तान भन्ने शब्द प्रयोग गरेको देखिन्छ, यसको अर्थ यसले पुरुष वा महिला वाहेकका पहिचान बाहेक त्यस परम्परागत परिभाषाभित्र नअटाउने विविध लैङ्गिक पहिचान भएका व्यक्तिलाई समेट्न खोजिएको छ, यो अत्यन्त सकारात्मक छ ।

### ङ) सामाजिक न्यायको हक अन्तर्गत समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक



राज्यका हरेक निकायमा सहभागिताको अर्थ कुनै व्यक्ति, समुदाय, जाती, लिङ्ग र लैङ्गिक पहिचान भएका ब्यक्तिहरुको उपस्थितिमात्र होईन, उनीहरुको आवाजको प्रतिनिधित्व पनि हो । नेपालको संविधानको एक महत्वपूर्ण आधार वा सिद्धान्त मध्ये समावेशिता पनि एक महत्वपूर्ण खम्बा हो । यसले आवाजविहिनहरुलाई आवाज दिन्छ । नेपालको संविधानले महिला, दलित, आर्थिक रुपले सिमान्तकृत, अल्पसंख्यक आदिलाई उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न तीन महत्वपूर्ण व्यवस्था गरेको देखिन्छः सकारात्मक विभेदको सिद्धान्त, समानुपातिक निर्वाचन प्रणाली, कोटा प्रणाली । यसका अतिरिक्त विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुका हकमा धारा ४२ ले समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको अधिकार हुने भनि सामाजिक न्यायको हक अर्न्तगत विशेष व्यवस्था गरेको छ । यसको अर्थ राज्यका हरेक निकाय कार्यपालिका, विधायिका, न्यायपालिका, कुटनीतिका नियोगहरु, संवैधानिक निकायहरु, सेना, प्रहरी लगायतमा विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको उपस्थिति र अर्थपूर्ण सहभागिताको अधिकार सुनिश्चित गरिएको छ ।

माथि उल्लिखित हकका साथै समग्रमा नेपालको संविधानले निम्न हकहरुको प्रत्याभूति गरेको छः




## सम्मानजनक बाँच्न पाउने हक

नेपालको संविधानको धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक प्रत्येक व्यक्तिलाई सुरक्षित गरेको छ । यो हक विविध यौनिक तथा लैङ्गिक पहिचान भएका ब्यक्तिको हकमा समेत समान रूपमा लागु हुन्छ । किनकी यो व्यवस्था सबैका निमित्त लागु हुने हकको रूपमा व्यवस्था गरेको छ । यस हकले भेदभाव तथा हिंसामुक्त भई बाँच्न पाउने अधिकारमात्र होइन कुनै महिला चाहे ती समलिङ्गी, पारलिङ्गी वा द्विलिङ्गी महिला हुन् यौनिकता वा लैङ्गिक पहिचानको आधारमा भेदभावपूर्ण, अमर्यादित वा हेयको जीवन विरुद्धको अधिकारलाई यसले सुरक्षित गरेको छ । बाँच्न पाउने अधिकार अर्न्तगत कुनै पनि व्यक्तिको जीवन गर्भाधारणसँग सम्बन्धित कारण, पोषणको अभाव, मानसिक तथा शारीरीक हिंसा आदिका कारणले कुनै पनि व्यक्तिको जीवन खतरामा पर्नु हुँदैन भन्ने अवधारणा पनि यसभित्र अर्न्तनिहित रहेको छ ।

## गोपनियताको हक

नेपालको संविधानले व्यक्तिको गोपनियता सम्बन्धी अधिकारको व्यवस्था गरेको छ । मूलतः नेपालको संविधानले कुनै व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनियता कानुन बमोजिम बाहेक कसैले पनि हस्तक्षेप गर्न नमिल्ने व्यवस्था गरेको छ । यो हक सबै व्यक्तिको हकमा लागू हुने हक भएकोले विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको हकमा पनि समान रुपमा लागू हुन्छ । गोपनियता सम्बन्धी हकले वृहद रुपमा व्यक्तिको जीउ सम्बन्धी गोपनियताको अधिकार सुनिश्चित गरेको छ । यसको अर्थ सबै व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा गोप्य रुपले सेवा प्राप्त गर्ने र स्वतन्त्रतापूर्ण निर्णय गर्ने हकको प्रत्याभूति गरेको छ ।

## स्वतन्त्रताको हक

नेपालको संविधानले कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई व्यक्तिगत स्वतन्त्रताबाट वन्चित हुनुपर्ने अवस्थाको विरुद्धको हक सुरक्षित गरेको छ । यस अन्तर्गत (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) बिना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (घ) संघ र संस्था खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताजस्ता महत्वपूर्ण अधिकारहरू पर्दछन् ।

यी अधिकारहरू नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल नहुने गरी प्रयोग गर्न सक्दछ । संविधानले यौन तथा प्रजनन स्वास्थ्य संरक्षण र अधिकार सम्बन्धमा स्वतन्त्र रुपमा विचार राख्न पाउने अधिकार कुनै पनि धार्मिक मान्यता, विश्वास, दर्शन तथा प्रचलनहरूद्वारा कुण्ठित नहुने गरी प्रयोग गर्न सक्दछ ।

## अपराध पीडितको हक

सविधानको धारा २१ मा अपराध पीडितको हकको व्यवस्था गरिएको छ । उक्त व्यवस्था अनुसार अपराधमा पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीको जानकारी पाउने हक, अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने व्यवस्था रहेको छ । अपराध पीडितको सम्बन्धमा सँवैधानिक व्यवस्थाले परम्परागत रुपमा फौजदारी न्यायका हकमा सीमित सँवैधानिक व्यवस्थालाई फराकिलो बनाउँदै न्याय प्रणालीलाई अपराध पीडितको अधिकारको सुनिश्चितताको दृष्टिकोणले सकारात्मक रूपमा विस्तार गरेको छ । यसलाई नेपालको नयाँ संविधानको महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ । यो व्यवस्था सबै अपराध पीडितको हकमा लागू हुने व्यवस्था हो । त्यसैले यौन तथा प्रजननसित सम्बन्धित अधिकार वा नेपाल कानुनले अपराध घोषणा गरेको यौन अपराध र प्रजनन अधिकारसित जोडिएको अपराधबाट पीडित विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुका हकमा पनि यो व्यवस्था समान रुपमा लागू हुन्छ ।

## स्वास्थ्यको हक

स्वास्थ्य र स्वास्थ्य हेरचाहको अधिकार विविध यौनिक तथा लैङ्गिक पहिचान भएका ब्यक्तिहरुका निमित्त अत्यन्त महत्वपूर्ण हक हो । यस विषयलाई सम्बोधन गर्न नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सम्बन्धी हक लगायत निम्न हकको ब्यवस्था सुनिश्चित गरिएको छः

» खानेपानी तथा सरसफाईमा पहुँच,
» नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच,
» आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक,
» आधारभूत स्वास्थ्य सेवा निशुल्क पाउने हक ।

माथि उल्लेखित स्वास्थ्य अधिकारहरु क्रमशः लागु हुँदै जाने अधिकारहरु हुन् । राज्यको श्रोत साधनले भ्याएसम्म स्वास्थ्य अधिकारहरु सुनिश्चितताका लागि राज्यले आवश्यक व्यवस्था गर्नुपर्दछ । आधारभूत स्वास्थ्य अधिकार सबै नागरिकहरुका निमित्त निःशुल्क व्यवस्था गरिएको छ भने आकस्मिक स्वास्थ्य सेवा नागरिक एंव विदेशी दुवैको निमित्त समान रुपमा लागू हुने अधिकारको रुपमा व्यवस्था गरिएको छ ।

स्वास्थ्य अधिकार अर्न्तगत महिलाका निमित्त मात्र केन्द्रित गरेर स्वास्थ्य अधिकारका सम्बन्धमा विशेष व्यवस्था गर्न सकिने, सुरक्षित मातृत्व तथा विशेष अधिकारको व्यवस्था धारा ३८ मा गरिएको छ । तर महिला वर्गभित्र रहेको विविध यौनिक तथा लैङ्गिक पहिचानका सम्बन्धमा यो धारा मौन रहेको छ । तर पनि माथि उल्लेख गरिए झैं समानताको अधिकार अर्न्तगत यौनिक तथा लैङ्गिक अल्पसंख्यकका निमित्त कानुन बनाएर विशेष व्यवस्था गर्न सकिने व्यवस्थाले विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूका निमित्त विशेष स्वास्थ्य अधिकारको व्यवस्था गर्न सकिने व्यवस्था संविधानले गरिएको मान्न सकिन्छ । स्वास्थ्य सम्बन्धी अधिकार सबैका निमित्त सुनिश्चित गरिएका कारण यो अधिकार विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुका निमित्त पनि हो भन्ने विषय निर्विवाद छ । यस अर्न्तगत प्रत्येक व्यक्तिलाई आफ्नो तथा परिवारको कल्याणका निम्ति यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी पूर्ण र वस्तुगत सूचना र शिक्षा प्राप्त गर्ने हक लगायत सबैलाई आफ्नो स्वास्थ्यको हेरविचार र सुरक्षासँग सरोकार राख्ने विषयमा इज्जतपूर्वक सरलताका साथ सेवा प्राप्त गर्ने हक पनि पर्दछ ।

## प्रजनन स्वास्थ्यको हक

नेपालको संविधानले महिलाको प्रजनन स्वास्थ्य अधिकारको व्यवस्था गरेको छ । यस अन्तर्गत प्रजनन पद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने हक एवम् कार्यस्थलमा सुरक्षाको अधिकारको सुनिश्चिता, गर्भवती तथा प्रसूतिको समयमा तथा प्रसूतिपछिको अवधिमा चाहिने सेवाहरू आवश्यकतानुसार निःशुल्क समेत उपलब्ध हुने, गर्भवती भएको समय तथा स्तनपानको समयमा पर्याप्त पोषणको उपलब्धता, स्वास्थ्य सेवा, परिवार नियोजनसँग सम्बन्धित विषयहरू स्वास्थ्य सेवामा महिलामाथि हुने भेदभाव विषयहरू समेटिन्छन् । महिलाको हक अन्तर्गत प्रजनन स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरेको भए तापनि, महिलाभित्रको विविधता विशेषगरी समलिङ्गी महिला, पारलिङ्गी महिला तथा द्विलिङ्गी महिलाको यौन अधिकारका विषयमा गरिनुपर्ने विशेष व्यवस्थाका सम्बन्धमा नेपालको संविधानले प्रत्यक्ष रूपमा मौलिक हकमा व्यवस्था गरेको पाइँदैन । तर समानताको अधिकारले सुनिश्चित गरेको लैङ्गिक तथा यौनिक अल्पसंख्यकको हकमा कानुनले विशेष व्यवस्था गर्न सकिने प्रावधानले महिलाभित्रको अन्तरविविधता तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको हक अधिकार सुनिश्चित गर्न सकिने व्यवस्था छ ।

पुरुष तथा परम्परागत पुरुषको परिभाषाभित्र नपर्ने पुरुषहरू जस्तो पारलिङ्गी पुरुष, द्विलिङ्गी पुरुष, समलिङ्गी पुरुषहरूको प्रजनन हक र प्रजनन् स्वास्थ्य हकको सम्बन्धमा नेपालको संविधान मौन देखिन्छ । यसका लागि संविधानको प्रगतिशील अभ्यास तथा व्याख्या हुन आवश्यक छ ।

## महिलालाई हानि पुऱ्याउने नियतबाट गरिने कुनै पनि प्रकारको अभिव्यक्ति तथा प्रकाशनहरू निषेध सम्बन्धी व्यवस्था

मौलिक हकको धारा १९ ले सञ्चारको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । यस हकले विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचनाप्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध नलगाइने व्यवस्था गरेको छ । लोकतन्त्रको आधारभूत मेरुदण्डको रूपमा रहेका प्रेस स्वतन्त्रता तथा प्रकाशन स्वतन्त्रतालाई यस व्यवस्थाले आत्मसात गरेको छ । यसको साथै यस हकलाई वैधानिक रूपमा सीमित गर्न सकिने व्यवस्था पनि सुनिश्चित गरिएको छ । उदाहरणका लागि, द्वेष, द्वन्द्व, भेदभाव, असहिष्णुता, र/वा हिंसा निम्त्याउने अभिव्यक्तिलाई सीमित गर्न सक्ने व्यवस्था गरिएको छ ।

मौलिक हकको यस व्यवस्थाले महिला विरुद्ध हिंसा वा भेदभाव निम्त्याउने अभिव्यक्तिले महिलाको मौलिक हकमाथि हानी गर्ने, समानताको अवमूल्यन गर्ने र विशेषगरी महिला विरोधी व्यवहार एवम् रूढीवादहरूको निरन्तरता मार्फत परम्परागत लैङ्गिक भूमिकालाई निरन्तरता दिने खतरालाई रोक्ने गरी कानुन निर्माण गर्न सकिने व्यवस्था गरेको छ । यसका अतिरिक्त यस व्यवस्थाले झूटो सामग्री प्रकाशन वा प्रसारणद्वारा व्यक्तिको सामाजिक मर्यादामा आँच पुऱ्याउने वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवम् लैङ्गिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा समेत मनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन सकिने व्यवस्था गरेको छ । यसरी कानुन निर्माण गरिएकोलाई सञ्चारको हकमाथि रोक लगाएको नमानिने स्पष्ट व्यवस्था पनि गरिएको छ ।

यो व्यवस्था महिला अधिकारको सुनिश्चितताका लागि अत्यन्त महत्वपूर्ण छ । विशेषगरी, अपराध तथा हिंसा पीडित महिलाहरूको प्रतिष्ठा र सम्मानपूर्ण जीवनयापन गर्न पाउने हकको विपरित हुने गरी छापा तथा अन्य सञ्चार माध्यमद्वारा महिलामाथि लगाइने लाञ्छना तथा अपमानजनक व्यवहारलाई यसले पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ । 'महिला' भन्ने लैङ्गिक पहिचानभित्र समलिङ्गी महिला, पारलिङ्गी महिला तथा द्विलैङ्गिक महिला विरुद्ध हानि पुऱ्याउने नियतबाट गरिने कुनै पनि प्रकारको अभिव्यक्ति तथा प्रकाशन निषेध सम्बन्धी प्रष्ट रूपमा कुनै व्यवस्था भएको देखिँदैन । तर 'महिला' भन्ने शब्दको व्याख्या गर्दा महिलाभित्रको लैङ्गिक तथा यौनिक अन्तरविविधतालाई समेत ध्यानमा राख्नु अत्यन्त आवश्यक छ । अतः यस धाराको व्याख्या गर्दा महिलाभित्र रहेको अन्तरविविधतालाई ध्यान दिएर संविधानको प्रगतिशील व्याख्या गरिनु आवश्यक छ । यसबाट विविध लैङ्गिक तथा यौनिक पहिचान भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न सकिन्छ ।

## पारिवारिक जीवनको हक

नेपालको संविधानको धारा ३८ को उपधारा ६ ले महिलाको हक अन्तर्गत सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ भनेर महिलाको सम्पत्ति तथा पारिवारिक जीवनमा समान हकलाई प्रत्याभूत गरेको छ । तर, विविध लैङ्गिक पहिचान भएका व्यक्तिहरुः समलिङ्गी महिला, पारलिङ्गी महिला, अन्तर्लिङ्गी, अर्थात् पुरुष वा महिलाको परिभाषामा नअटाउने र पुरुष वा महिलाको अभिव्यक्ति अन्तर्गत नपर्ने गैर द्वयसांख्यिक लैङ्गिक पहिचान भएका व्यक्तिहरुको विवाहको अधिकार वा उनीहरुको पारिवारिक मामिलामा अन्य व्यक्तिहरु सरह समान हकका सम्बन्धमा संविधानले प्रष्ट व्यवस्था गरेको छैन । यद्यपि संविधानले उनीहरुको विवाहलाई प्रतिबन्ध लगाएको अवस्था पनि छैन ।

## सम्पति सम्बन्धी हक

समाजमा विद्यमान लिङ्गभेद तथा लैङ्गिक विभेदलाई हटाई समानतामा आधारित समाज निर्माणका निमित्त प्रत्येक व्यक्तिको आर्थिक अधिकारलाई सुनिश्चित गर्न आवश्यक छ । आर्थिक पहुँचको अभावका कारणनै विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरण हुन सकेको देखिदैन । यस सम्बन्धमा नेपालको संविधानले नेपाली नागरिकको हकका निम्न व्यवस्था गरेको छ, जुन विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको हकमा समेत समान रुपमा लागु हुन्छ । साथै यस वर्गका निमित्त विशेष कानुन बनाउन सक्ने व्यवस्था पनि संविधानले गरेको छः

- सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने अधिकार,
- कुनै पेशा, रोजगार र ब्यापार गर्ने स्वतन्त्रता,
- पैतृक सम्पत्तिमा समान अधिकार,
- लगानी गर्न पाउने अधिकार,
- कर्जा लिन पाउने अधिकार,
- ब्यापार ब्यवसायको लागि करार वा सम्झौता गर्ने अधिकार,
- रोजगारी तथा काम गर्न पाउने अधिकार,
- समान कामको लागि समान पारिश्रमिक पाउने अधिकार,
- ट्रेड युनियमा सहभागि हुन पाउने अधिकार,
- पारिवारिक आर्थिक लाभ उपभोग गर्न पाउने अधिकार।

मथि उल्लेखित हक बाहेक सहभागिताको हक, खाद्य सुरक्षाको हक, आवास सम्बन्धी हक, शिक्षा सम्बन्धी हक, सामाजिक न्याय सम्बन्धी हक, सामाजिक सुरक्षाको हक, सञ्चार सम्बन्धी हक, निवारक नजरवन्द विरुद्धको हक, सूचनाको हक, सञ्चार सम्बन्धी हक, जस्ता नागरिक स्वतन्त्रता तथा सामाजिक, आर्थिक र साास्कृतिक हकहरु प्रत्याभूत गरेको छ ।

# ग कानुनी व्यवस्था



**१. यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्बोधन गर्न नेपाल सरकारले के कस्ता कानुन, नीति तथा रणनीतिक योजनाहरू अगाडि ल्याएको छ ?**

**२. नेपालको कानुनले यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी के के व्यवस्था गरेका छन् ?**

**३. नेपालको कानुनले विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई प्रत्याभूत गर्न विशेष व्यवस्था गरेको छ ?**

**४. विविध यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको विवाह सम्बन्धी अधिकारलाई कानुनले सुनिश्चित गरेको छ ?**

**५. विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई सुनिश्चित गर्न कानुनले कुनकुन अधिकार सम्बोधन गर्न आवश्यक देखिन्छ ?**

**६. विविध लैङ्गिक तथा यौनिक पहिचान भएका (जस्तो पारलिङ्गी महिला, पारलिङ्गी पुरुष तथा द्विलिङ्गी, समलिङ्गी महिला, पुरुष) हरुको मातृत्वको अधिकार नेपालको कानुनले सुनिश्चित गरेको छ ?**

## १. यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सम्बोधन गर्न नेपाल सरकारले के कस्ता कानुन, नीति तथा रणनीतिक योजनाहरू अगाडि ल्याएको छ ?

संविधानले सुरक्षित गरेको यौन तथा प्रजनन सम्बन्धी मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्न महत्वपूर्ण योगदान दिने विशेष ऐन तथा सामान्य ऐनमा सो सम्बन्धी विभिन्न प्रावधान तथा रणनीति र निर्देशिकाहरू नेपाल सरकारले लागू गरेको छ । यौन तथा प्रजनन स्वास्थ्य र परिवार व्यवस्थापन सम्बन्धी सेवाहरूमा पहुँच सुनिश्चित गर्न र गुणस्तरीय सेवा सुनिश्चित गर्न यी कानुनी व्यवस्थाहरू अत्यन्त महत्वपूर्ण छन्, जुन निम्न छन्:

» राष्ट्रिय प्रजनन स्वास्थ्य रणनीति, सन १९९८ (वि.सं.२०५४)

» राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति, सन् २०१७

» राष्ट्रिय किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका, २०११

» मुलुकी फौजदारी (संहिता) ऐन, २०७४

» मुलुकी देवानी (संहिता) ऐन, २०७४

» सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५

# २. नेपालको कानुनले यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी के के व्यवस्था गरेका छन् ?

नेपाल सरकारले महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार सुनिश्चित गर्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लागू गरेको छ । यो ऐनको प्रमुख उद्देश्य भनेको महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हक सम्मान, संरक्षण र परिपूर्ति गर्नलाई मातृत्व तथा प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन आवश्यक व्यवस्था गर्नु रहेको छ । यस ऐनले समग्र महिलाको प्रजनन स्वास्थ्य अधिकार, सुरक्षित मातृत्वको अधिकार, सुरक्षित गर्भपतनको अधिकार, सुरक्षित गर्भपतन सेवाको अधिकार, तथा प्रजनन स्वास्थ्य रूग्णताको सेवाको अधिकारको प्रत्याभूति गरेको छ । यी अधिकारहरू महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न एकदमै महत्वपूर्ण रहेका छन् ।

| अधिकारको क्षेत्र | कानुनले सुरक्षित गरेको अधिकार |
|---|---|
| **प्रजनन स्वास्थ्य अधिकार** | » प्रजनन स्वास्थ्य सम्बन्धी परामर्श सेवा तथा सूचना प्राप्त गर्ने अधिकार,<br>» प्रत्येक महिलालाई गर्भान्तर वा सन्तानको संख्या निर्धारण गर्ने अधिकार,<br>» प्रत्येक व्यक्तिलाई गर्भ निरोधको साधनको सम्बन्धमा जानकारी पाउने र सोको प्रयोग गर्ने अधिकार,<br>» सुरक्षित गर्भपतन गर्न पाउने अधिकार तथा गर्भपतन सेवा प्राप्त गर्ने अधिकार,<br>» महिलालाई गर्भवती तथा सुत्केरी र प्रजनन स्वास्थ्य रूग्णताको अवस्थामा पोषणयुक्त, सन्तुलित आहार तथा शारीरिक आराम पाउने अधिकार,<br>» महिलालाई प्रसूतिकर्मीबाट आवश्यक परामर्श, गर्भवती तथा प्रसूती सेवा, वृहद आकस्मिक प्रसूति सेवा,<br>» प्रत्येक व्यक्तिलाई आफ्नो जीवनचक्रको विभिन्न अवस्थामा आवश्यक पर्ने प्रजनन स्वास्थ्य सेवा सर्वसुलभ, स्वीकार्य र सुरक्षित रूपले पाउने अधिकार,<br>» प्रजनन स्वास्थ्य सेवा छनौट गर्ने अधिकार,<br>» प्रत्येक व्यक्तिले प्राप्त गरेको प्रजनन स्वास्थ्य सेवा र सो सम्बन्धी सूचनाको गोपनियताको अधिकार । |
| **सुरक्षित मातृत्वको अधिकार** | » प्रत्येक महिलालाई स्वास्थ्य संस्थामा गई आफू गर्भवती भए वा नभएको जाँच वा परीक्षण गर्न पाउने अधिकार रहेको । यस अन्तर्गत सामान्य गर्भावस्थामा कम्तिमा चार पटक स्वास्थ्य जाँचको सेवा, तोकिएको अवस्थामा चिकित्सक वा दक्ष स्वास्थ्यकर्मीको सल्लाह बमोजिम स्वास्थ्य जाँच गर्ने, स्वास्थ्य सम्बन्धी समुचित परामर्श प्राप्त गर्ने अधिकार,<br>» गर्भावस्थामा अवलम्बन गर्नुपर्ने सुरक्षाको उपाय तथा न्यूनतम सेवा पाउने अधिकार । |
| **सुरक्षित गर्भपतनको अधिकार**[१०] | » गर्भवती मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गर्न पाउने अधिकार,<br>» गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्छ वा विकलाङ्ग बच्चा जन्मन्छ भनी इजाजत प्राप्त चिकित्सकको राय भई त्यस्ती महिलाको मञ्जुरी बमोजिम बाह्र हप्तासम्मको गर्भपतन गराउन पाउने अधिकार, |

१०. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५

| अधिकारको क्षेत्र | कानुनले सुरक्षित गरेको अधिकार |
|---|---|
| | » जबरजस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले अट्ठाईस हप्तासम्मको गर्भ,<br>» रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जिवाणु (एच. आई भी.) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेको महिलाको मञ्जुरीमा अट्ठाईस हप्तासम्मको गर्भपतन गराउन पाउने अधिकार,<br>» भ्रूणमा कमिकमजोरी भएको कारणले गर्भमै नष्ट हुन सक्ने वा जन्मेर पनि बाँच्न नसक्ने गरी गर्भको भ्रूणमा खराबी रहेको, वंशाणुगत (जेनेटिक) खराबी वा अन्य कुनै कारणले भ्रूणमा अशक्तता हुने अवस्था रहेको भन्ने उपचारमा संलग्न स्वास्थ्यकर्मीको राय बमोजिम गर्भवती महिलाको मञ्जुरीमा अट्ठाईस हप्तासम्मको गर्भपतन गराउने अधिकार,<br>» कसैले पनि गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानिजानी वा विश्वास गर्नुपर्ने कुनै काम गरी गर्भपतन गराउनु हुँदैन ।<br>» कसैले गर्भवती महिलालाई करकाप गरी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउने वा सो कार्य गर्दा गर्भ तुहाउन पाउँदैन । |
| सुरक्षित गर्भपतन सेवाको अधिकार | » तोकिएको मापदण्ड र योग्यता पूरा गरेका इजाजतप्राप्त स्वास्थ्य संस्थामा इजाजत प्राप्त स्वास्थ्यकर्मीले गर्भवती महिलालाई सुरक्षित गर्भपतन सेवा,<br>» सुरक्षित गर्भपतनको सेवा प्राप्त गर्न चाहने गर्भवती महिलाले इजाजतप्राप्त स्वास्थ्य संस्था वा इजाजत प्राप्त स्वास्थ्यकर्मीलाई तोकिए बमोजिमको ढाँचामा मञ्जुरीनामा दिनुपर्ने,<br>» होस ठेगान नभएको, तत्काल मञ्जुरी दिन नसक्ने अवस्था भएको वा अठार वर्ष उमेर पूरा नगरेको गर्भवती महिलाको हकमा निजको संरक्षक वा माथवरले मञ्जुरीनामा दिन सक्ने,<br>» अठार वर्षभन्दा कम उमेरकी गर्भवती महिलाको हकमा निजको सर्वोत्तम हितलाई ध्यानमा राखी सुरक्षित गर्भपतन सेवा प्रदान गर्नुपर्ने,<br>» गोपनियताको अधिकार सुरक्षित राख्नुपर्ने । |
| प्रजनन स्वास्थ्य रुग्णताको सेवाको अधिकार | » प्रत्येक महिलालाई स्वास्थ्य संस्थाबाट प्रजनन स्वास्थ्य रुग्णता सम्बन्धी परीक्षण गराउने, परामर्श लिने तथा उपचार प्राप्त गर्ने अधिकार,<br>» सेवा उपलब्ध गराउँदा प्रजनन स्वास्थ्य रुग्णताको अवस्था तथा शल्यक्रियापछिको अवस्थामा पालना गर्नुपर्ने स्याहार सम्बन्धी कुरा र त्यसबाट उत्पन्न हुन सक्ने जोखिम सम्बन्धी उपायको जानकारी बुझ्ने गरी दिनु सम्बन्धित स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीको कर्तव्य हुने,<br>» प्रजनन स्वास्थ्य रुग्णताको कारण देखाई कसैलाई पनि सम्बन्धविच्छेद गर्न वा घरबाट निकाला गर्न वा विस्थापन गर्न वा गराउन नहुने । |
| किशोरकिशोरीहरुको हक | » यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित शिक्षा, जानकारी, परामर्श र सेवा प्राप्त गर्ने हक,<br>» प्रजनन स्वास्थ्यसँग सम्बन्धित सेवा, परामर्श र जानकारी पाउने हक,<br>» गर्भनिरोधक साधनहरुको बारेमा जानकारी प्राप्त गर्ने र सोको प्रयोग गर्ने सम्बन्धी हक,<br>» सुरक्षित गर्भपतन सेवा प्राप्त गर्ने हक, |

| अधिकारको क्षेत्र | कानुनले सुरक्षित गरेको अधिकार |
|---|---|
| | » जीवनको विभिन्न चक्रहरूमा सर्वसुलभ, स्वीकार्य र सुरक्षित तवरले आवश्यक प्रजनन स्वास्थ्य सेवाहरू प्राप्त गर्ने हक,<br>» प्रजनन स्वास्थ्य सेवाको छनौट गर्ने हक,<br>» गोपनियताको हक,<br>» विभेद नगरिने हक,<br>» अपाङ्गतामैत्री र किशोर-किशोरीमैत्री सेवाहरु प्राप्त गर्ने हक,<br>» क्षतिपूर्ति प्राप्त गर्ने हक । |

समग्रमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ महिला केन्द्रित देखिन्छ । यस ऐनले पुरुष तथा परम्परागत पुरुषको परिभाषाभित्र नअटाउने पारलिङ्गी पुरुष, समलिङ्गी पुरुष, द्विलिङ्गी पुरुषहरूको अधिकारलाई सुनिश्चित गर्न सकेको देखिँदैन ।

## ३. नेपालको कानुनले विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई प्रत्याभूत गर्न विशेष व्यवस्था गरेको छ ?

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ महिलाको यौन तथा प्रजनन अधिकार सुनिश्चित गर्ने विषयमा केन्द्रित रहेको देखिन्छ । यस ऐनले महिलाभित्र पनि अन्तरविविधता रहेको विषयलाई ध्यान दिन सकेको छैन । सबै वर्ग, क्षेत्र, जात-जाति, भौगोलिक अवस्था, उमेर, शिक्षा, सबै प्रकारको यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई एकैनासले हेरेको देखिन्छ । यस ऐनले मूलतः विविध यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको स्वतन्त्र रुपमा विवाह गर्न पाउने अधिकार, जीवनसाथी छान्न पाउनेजस्ता अधिकारहरूको सामाजिक तथा कानुनी रूपमा सुरक्षित नगरिएको कारणले समलिङ्गी महिला, पारलिङ्गी महिला, द्विलिङ्गी महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा परेको असर, बलात्कार भनेको पुरुषले महिलामाथि मात्र गर्छ भन्ने कानुनी व्यवस्था लगायतले यी समुदायका व्यक्तिहरूमाथि भइरहेको यौन हिंसा विरुद्धको अधिकार सुरक्षित हुन नसकेको कारणले परेको असर, यी वर्गमाथि परम्परागत रूपमा रहेका विभेदपूर्ण र पूर्वाग्रही सोच तथा त्यसले निम्त्याउने यौन हिंसालाई यस ऐनले केही सम्बोधन गर्न सकेको देखिँदैन ।

विविध यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको यौन तथा प्रजनन अधिकार सुरक्षित गर्न विशेष व्यवस्था गर्नुपर्ने आवश्यकतालाई यस ऐनले मनन् गर्न सकेको छैन । अतः हालसम्म नेपालले विविध यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएको व्यक्तिको अधिकारको आवश्यकता छ भन्ने विषयलाई संविधानको समानता सम्बन्धी अधिकारले विशेष व्यवस्था गर्न सकिने प्रावधान संविधानमा राखिएता पनि व्यवहारमा लागू गर्न उक्त विषयलाई कानुनले सम्बोधन गर्न आवश्यक देखिन्छ । तर हालसम्म कुनै पनि ऐनले उनीहरुको विशेष आवश्यकतालाई सम्बोधन गर्न सकेको देखिँदैन ।

## ४. विविध यौनिक अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरुको विवाह सम्बन्धी अधिकारलाई कानुनले सुनिश्चित गरेको छ ?

हाम्रोजस्तो समाजमा विवाह, यौन तथा प्रजनन स्वास्थ्यजस्तो विषय अन्योन्याश्रित रूपमा जोडिएको हुन्छ । आम रूपमा व्यक्तिको यौन जीवन तथा प्रजनन अधिकारलाई विवाहसित जोडेर हेरिन्छ । तर नेपालको कानुनले उनीहरुको विवाह सम्बन्धी अधिकार सुनिश्चित गरेको पाइँदैन ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ को भाग ३ को पारिवारिक कानुनसाग सम्बन्धित रहेको छ । पारिवारिक कानुन अन्तर्गत परिच्छेद १ को दफा ६७ ले विवाहको परिभाषा गरेको छ । उक्त व्यवस्थाले कुनै पुरूष र महिलाबीच कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक-अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गरेमा विवाह भएको मानिने व्यवस्था गरेको छ । दफा ७० को उपधारा १ को (क) र (घ) को प्रावधानले पनि बीस वर्ष उमेर पुगेको पुरूष र महिलाले एक-अर्कालाई पति-पत्नीको रूपमा स्वीकार गर्न मञ्जुर गरेको अवस्थामा विवाह भएको मानिने व्यवस्था गरेको छ । यसरी उक्त व्यवस्थाले महिला र पुरुष बाहेक समान लिङ्ग र समान योनी भएका व्यक्तिहरूबीचको विवाहले कानुनी मान्यता प्राप्त गर्न सक्ने अवस्था देखिँदैन ।

सोही परिच्छेदको दफा ६९ ले भने प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने, परिवार कायम गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता हुने र प्रत्येक व्यक्तिको पारिवारिक जीवन अनतिक्रम्य हुने व्यवस्था गरेको छ । अर्थात्, कसैले पनि कुनै व्यक्तिको पारिवारिक जीवनमा हस्तक्षेप गर्न पाउँदैन । माथि उल्लिखित दफा ६७ र ७० भन्दा यो दफा उदार देखिन्छ । यस दफाले प्रत्येक व्यक्तिलाई कानुनको अधीनमा रही विवाह गर्ने र परिवार कायम गर्ने अधिकार हुनेछ भन्ने वाक्यांश प्रयोग गरेकोले समलिङ्गी विवाह गर्न सक्ने हो कि भन्ने देखाउँदछ । तर, कानुनको अधीनमा रही भन्ने वाक्यांश र दफा ६७ र ७० को व्यवस्थालाई समग्र रुपमा व्याख्या गर्दा समलिङ्गी विवाहलाई कानुनले मान्यता समेत दिएको देखिँदैन ।

तर विविध लैङ्गिक तथा यौनिक पहिचान भएका व्यक्तिका विवाहको मान्यताका सम्बन्धमा सर्वोच्च अदालतले सुमन पन्त विरुद्ध नेपाल सरकार[११] भएको रिट निवेदनमा भने समलिङ्गी विवाहलाई मान्यता दिएको छ । उक्त रिट निवेदनमा सर्वोच्च अदालतले 'नेपालको संविधानले प्रत्याभूत गरेको अधिकार एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकको रूपमा स्वीकार गरेको मौलिक हक पहिचानलाई समेत मध्यनजर गर्दा निवेदिकालाई सम्मानपूर्वक र बिना भेदभाव जिउन, आफ्नो व्यक्तिगत र पारिवारिक जीवन स्वतन्त्रता र स्वायत्ततापूर्वक सञ्चालन गर्न पाउने हक रिट निवेदकमा रहेको विषयलाई सर्वोच्च अदालतले स्विकार गरेको छ । त्यसका साथै अदालतले रिट निवेदकको हकमा आफ्नो व्यक्तिगत जीवन कसरी सञ्चालन गर्ने, आफ्नो लैङ्गिक पहिचान के हुने र आत्माको कुन पुकारलाई सुन्ने भन्ने कुराको आत्मनिर्णयको अधिकार पनि निवेदिकामा रहेको विषयलाई स्विकार गरिएको छ ।

यसरी सर्वोच्च अदालतले समलिङ्गी विवाहलाई मान्यता दिएको भएता पनि सो सम्बन्धमा कानुन बनाई सम्बोधन नगरेका कारणले विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको विवाह लगायत सोसित जोडिएका सवालहरूको उचित सम्बोधन हुन सकेको देखिँदैन ।

## ६. विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई सुनिश्चित गर्न कानुनले कुनकुन अधिकार सम्बोधन गर्न आवश्यक देखिन्छ ?

विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई सुनिश्चित गर्न कानुनले कुन-कुन अधिकार सम्बोधन गर्न आवश्यक छ भन्ने विषयलाई पहिचान गर्न यस विषयमा विस्तृत अध्ययनको आवश्यकता देखिन्छ । तर हाललाई विविध यौनिक तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको प्रजनन अधिकारलाई प्रत्याभूत गर्न कानुन तथा कार्यक्रमहरू मार्फत निम्न कार्य गर्नुपर्ने देखिन्छ :

» कानुनले कुनै पनि व्यक्तिको परिवार तथा दाम्पत्य जीवनको अधिकार सुनिश्चित गर्नुपर्ने । यसका निमित्त विवाह सम्बन्धी वर्तमान कानुनी व्यवस्थालाई संशोधन गर्नुपर्ने ।

११. निर्णय नं. ९९२१ उत्प्रेषण/परमादेश, भाग ५९, साल २०७४, महिना चैत्र, अंक १२, नेकाप, फैसला मिति २०६४/०७/०६ http://nkp.gov.np/full_detail/8972/?keywords=%E0%A4%B8%E0%A5%81%E0%A4%AE%E0%A4%A8%20%E0%A4%AA%E0%A4%A8%E0%A5%8D%E0%A4%A4

- विविध लैङ्गिक अभिमुखीकरण र लैङ्गिक पहिचान भएका व्यक्तिहरूमाथि हुने यौन हिंसा (बलात्कार, यौन शोषण, यौन दुर्व्यवहार) जस्ता विषयलाई फौजदारी अपराधको दायरामा ल्याउनुपर्ने ।
- नागरिकता, जन्मदर्ता, राहदानी, राष्ट्रिय परिचयपत्र लिंदा आफ्नो लैङ्गिक पहिचान सहित लिन पाउने व्यवस्था सुनिश्चित गर्नुपर्ने ।
- नागरिकता, जन्मदर्ता, राहदानी, राष्ट्रिय परिचयपत्रमा लैङ्गिक पहिचानजस्ता विषयहरू संशोधन गर्न पाउने अधिकार सुनिश्चित गर्नुपर्ने ।
- विविध लैङ्गिक अभिमुखीकरण र लैङ्गिक पहिचान भएका (समलिङ्गी महिला, पारलिङ्गी महिला, द्विलिङ्गी महिला) व्यक्तिहरूको यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, सुरक्षित मातृत्व सम्बन्धी अधिकारको सुनिश्चित गर्न सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ संशोधन गर्नुपर्ने ।
- स्वतन्त्र रूपमा वैज्ञानिक उपलब्धि उपभोग गर्न पाउने अधिकार (उदाहरणका लागि, कुनै पनि प्रकारको दबाब बिना स्वतन्त्र रूपले वैज्ञानिक उपलब्धिलाई प्रयोग गरी लिङ्ग परिवर्तन गर्न पाउने, गर्भधारण गर्न पाउने आदि अधिकार) सुनिश्चित गरिनुपर्ने ।
- लैङ्गिक अभिमुखीकरण र लैङ्गिक पहिचान भएका व्यक्तिको आवश्यकतालाई ध्यानमा राखी यौन तथा प्रजनन स्वास्थ्य सेवा अधिकारका निमित्त स्वास्थ्य सेवा प्रदायक निकायहरूको भौतिक पूर्वाधारहरू लैङ्गिक उत्तरदायी बनाउनुपर्ने व्यवस्थालाई पूर्वाधार निर्माण सम्बन्धी मापदण्डमा अनिवार्य रूपमा समावेश गरिनुपर्ने ।
- विविध यौन अभिमुखीकरण तथा लैङ्गिक पहिचान भएका व्यक्तिहरूको विशेष यौन तथा प्रजनन स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्न लक्षित यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका तयार गरी लागु गर्नुपर्ने ।

## ६. विविध लैङ्गिक तथा यौनिक पहिचान भएका (जस्तो पारलिङ्गी महिला, पारलिङ्गी पुरुष तथा द्विलिङ्गी, समलिङ्गी महिला, पुरुष) हरूको मातृत्वको अधिकार नेपालको कानुनले सुनिश्चित गरेको छ ?

समग्रमा नेपालको कानुनले प्रजनन् स्वास्थ्य र यौन स्वास्थ्य सम्बन्धी कानुनी ब्यवस्थाहरू महिलालाई मात्र केन्द्रित गरेर बनाईएको छ । यो सम्बन्धमा माथि चर्चा गरिसकिएको छ । जहासम्म विविध लैङ्गिक तथा यौनिक पहिचान भएका (जस्तो पारलिङ्ग महिला, पारलिङ्गी पुरुष तथा द्विलिङ्गी, समलिङ्गी महिला, पुरुष) हरूको मातृत्वको अधिकारको सवाल छ । कानुन यो विषयमा मौन देखिन्छ ।

### धर्मपुत्र तथा धर्मपुत्री राख्ने सम्बन्धमा

पारलिङ्गी महिला, पुरुष तथा समलिङ्गी महिला तथा पुरुषले धर्मपुत्र राख्न पाउने कि नपाउने भन्ने सम्बन्धमा कानुनी व्यवस्था प्रष्ट छैन । मुलुकी देवानी (संहिता) ऐन, २०७४ को धर्मपुत्र सम्बन्धी व्यवस्थाले कुनै व्यक्तिले अन्य व्यक्तिको छोरा वा छोरीलाई आफ्नो छोरा वा छोरीको रुपमा स्वीकार गरेको व्यक्ति धर्मपुत्र वा धर्मपुत्री मानिने व्यवस्था गरेको छ ।[१२] यो व्यवस्था लैङ्गिक रूपमा तटष्ठ देखिन्छ । यस व्यवस्थालाई मात्र हेर्दा पारलिङ्ग महिला, पुरुष तथा समलिङ्गी महिला तथा पुरुषले धर्मपुत्र रुपमा राख्न सक्ने हो कि भन्ने देखिन्छ । तर सोहि परिच्छेदको दफा १७२ लाई समेत विचार गर्ने हो भने उक्त अधिकार पारलिङ्ग महिला, पुरुष तथा समलिङ्गी महिला तथा पुरुषले धर्मपुत्र राख्न नसक्ने देखिन्छ । उक्त व्यवस्थाले विवाह भएको दश वर्षसम्म पनि छोरा वा छोरी नहुने दम्पति, पैतालीस वर्ष उमेर पूरा भएकी अविवाहिता, विधवा, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेकी छोरा वा छोरी नहुने महिला, पैंतालीस वर्ष

१२. दफा १६९, परिच्छेद ८, धर्मपुत्र वा धर्मपुत्री सम्बन्धी ब्यवस्था, मुलुकी देवानी (संहिता) ऐन, २०७४पृष्ठ ५४,

उमेर पूरा भएको अविवाहित, विधुर, सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण गरी बसेको छोरा वा छोरी नहुने पुरूषले मात्र धर्मपुत्र वा धर्मपुत्री राख्न सक्ने व्यवस्था गरेको छ । यसरी पारलिङ्गी महिला, पुरुष तथा समलिङ्गी महिला तथा पुरूषलाई धर्मपुत्रका माध्यमबाट आफूमा रहेको मातृत्व र पितृत्वको अभिव्यक्ति गर्ने अधिकार नेपालको कानुनले दिएको देखिँदैन ।

## सरोगेसी

नेपालमा हालसम्म सरोगेसी अर्थात महिलाको कोख भाडामा लिएर बच्चा जन्माउने सम्बन्धमा कुनै कानुनी व्यवस्था हालसम्म देखिँदैन । यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले नेपाल सरकारको नाममा सरोगेसी सम्बन्धी कानुन निर्माण गर्न पुष्पराज पाण्डेय वि. नेपाल सरकारका सम्बन्धित निकायहरूका नाममा निर्देशनात्मक आदेश गरिएको छ ।[१३] उक्त निर्देशनात्मक आदेशले नेपाली समलिङ्गी दम्पत्ति वा एकल पुरुष वा एकल महिलालाई सरोगेसी सेवा उपलब्ध नगराउने सम्बन्धमा कानुन बनाउन निर्देशनात्मक आदेश दिएको छ । उक्त आदेशलाई सर्वोच्च अदालत स्वयंले अर्को ब्याख्या गरी खारेज नगरेसम्म अब बन्ने कानुनले सरोगेसीको माध्यमबाट नेपाली समलिङ्गी दम्पत्ति वा एकल पुरुष वा एकल महिलाले सरोगेसी सेवाको माध्यमबाट मातृत्व तथा पितृत्वको अधिकार सुरक्षित गर्न सक्ने अवस्था देखिँदैन ।

---

१३. अधिवक्ता पुष्पराज पाण्डे वि. नेपाल सरकार, निर्णय न. ९७५७ उत्प्रेषण/परमादेश, भाग ५९, साल २०७४, महिना जेष्ठ, अकं ३, नेकाप, फैसला मिति २०७३/०३/३०
http://nkp.gov.np/full_detail/8972/?keywords=%E0%A4%B8%E0%A5%81%E0%A4%AE%E0%A4%A8%20%E0%A4%AA%E0%A4%A8%E0%A5%8D%E0%A4%A4

## मितिनी नेपाल

आटभटेनी, काठमाडौं नेपाल
पो.ब.नं. ८९७४, Cpc ३३१
फोन नं. : +९७७-१-४४३३११८
फ्याक्स : +९७७-१- ४४३३११८
वेभसाइट: www.mitininepal.org.np
ट्विटर : https://twitter.com/MitiniNepal
फेसबुक : www.facebook.com/Mitininepal
इन्स्टाग्राम : https://www.instagram.com/mitini_jewellery/